नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ (फोनिज)

# विधान-२०७२

(पहिलो संशोधन-२०७३)

# नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ (फोनिज)
# विधान-२०७२

(पहिलो संशोधन-२०७३)

**प्रस्तावना**

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक र भौगोलिक विविधतायुक्त मुलुक हो । यही विविधतालाई नेपालको विशिष्टता मानिन्छ । नेपालका आदिवासी जनजातिहरूको मौलिक संस्कृति र परम्पराहरू देशका सुन्दर गहना हुन् । यही विशिष्टतालाई मध्यनजर राख्दै समानता र भ्रातृत्वका साथ नेपाली समाजको विकास हुन आवश्यक देखिन्छ । तर यसो हुन सकिरहेको छैन । नेपालका आदिवासी जनजातिहरू राष्ट्रको मूलधारमा समाहित हुन नसक्नु नगराउनु आजको तितो यथार्थ हो । आदिवासी जनजातिहरूको पहिचानलाई अक्षुण्ण राख्दै उनीहरूलाई राष्ट्रिय मूलधारमा समाहित पार्दै समावेसी र सहभागितामुलक ढंगले लान सञ्चारकर्मीहरूको दायित्व बोध गराउन आवश्यक भएकाले,

विकासको निम्ति सञ्चार माध्यमको अग्रणी भूमिका हुन्छ । तर अझसम्म आदिवासी जनजातिहरूको अधिकार र पहिचानका सवालहरू मूलधारका राष्ट्रिय सञ्चारमाध्यामहरूमा सशक्त ढंगले समाहित हुन सकिरहेको छैन । जातीय पहिचान तथा उनीहरूको हकहित सम्बन्धि क्रियाकलापहरूका साथै विभिन्न समय र स्थानमा भए गरेका कार्यहरूलाई जनमानसमा पुऱ्याउन अर्थात सहि सूचना प्रवाह गर्नलाई स्वयम् आदिवासी जनजाति मूलका सञ्चारकर्मीहरूबाट संगठित भूमिका निर्वाह गर्न र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा राष्ट्रको वृहत्तर हितका निम्ति पारदर्शी र न्यायपूर्ण समाजको विकास गर्न बाञ्छनीय भएकोले,

राष्ट्रिय र अन्तर्राष्ट्रिय जगतका पत्रकारिताका सङ्घ/संस्थाबीच पारस्परिक सद्भाव र सहयोगको सुसम्बन्ध स्थापना गर्दै नेपालभित्र पत्रकारिताको क्षेत्रमा कार्यरत आदिवासी जनजाति पत्रकारहरूलाई संगठित गरि उनीहरूको पहिचान र हकहितको संरक्षणमा एकताबद्ध गर्न र मातृभाषामा पत्रकारिताको विकास र प्रवर्द्धन गर्न वान्छनीय भएकाले,

नेपाल सरकारद्वारा सूचिकृत भएका आदिवासी जनजाति अन्तर्गतका विभिन्न समूदायमा जन्मिएर पत्रकारिता व्यवसायमा आबद्ध सञ्चारकर्मीहरूले प्रचलित कानुनबमोजिम स्थापना गरेका जातीय पत्रकार सङ्घ/संगठनहरूलाई संगठित गर्नुपर्ने र संस्थागत सदस्य संगठनहरूको आधारमा प्रादेशिक संरचना निर्माण गर्नुपर्ने भएकाले, नेपाल सरकारबाट स्वीकृति लिई संस्था दर्ता ऐन २०३४ अन्तर्गत यो विधान जारी गरिएको छ ।

## परिच्छेद-१
प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भ

यस संस्थाको नाम 'नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ' रहेको छ । यस संस्थाको नाम अंग्रेजीमा Federation of Nepalese Indigenous Nationalities Journalists हुनेछ र संक्षिप्त नाम FoNIJ/फोनिज भनिनेछ ।

(क) संस्थाको कार्यालय रहने ठेगाना :- यस संस्थाको कार्यालय, काठमाडौं जिल्ला कामनपा वडा नं. ३२ मा रहनेछ । यस महासंघको विधानको मातहतमा रहि विभिन्न प्रादेशिक समिति, जिल्ला, संघ/संगठन, विदेश समिति र स्थानीय समितिहरूको गठन गर्न र कार्यालय स्थापना गर्न सकिनेछ ।

(ख) संस्थाको कार्यक्षेत्र :- यस संस्थाको कार्यक्षेत्र नेपाल र विदेशमा हुनेछ । आवश्यकता अनुसार स्वकीकृति लिई नेपाल तथा विदेशमा कार्यक्षेत्र विस्तार गरिनेछ ।

(ग) प्रारम्भ :- यो विधान संस्था दर्ता भएको मितिदेखि प्रारम्भ हुनेछ ।

(घ) संस्थाको अस्तित्व :- यो संस्था एक अविछिन्न उत्तराधिकारवाला, संगठित, स्वशासित, गैर-नाफामूलक, गैर-राजनीतिक र गैर-सरकारी सामाजिक संस्था हुनेछ । संस्थाबाट आफ्नो उद्देश्य बाहेक आय आर्जन गर्ने तथा कुनै प्रकारको शुल्क लिई वा नलिई परामर्श प्रदान गर्ने कार्य गरिने छैन ।

### २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस विधानमा

(क) 'आदिवासी जनजाति' भन्नाले नेपाल सरकारद्वारा नेपाल राजपत्रमा प्रकाशित अनुसूचि (१) मा संलग्न जनजातिहरूका साथै नेपाल आदिवासी जनजाति महांसघले परिभाषित गरेको परिभाषा अनुसारको र जनजातिमा हुने आधार भएका जातिहरूलाई सम्झनु पर्दछ । (दफा ३३ को परिशिष्ट (क), (ख) र (ग) हेर्नुहोस्)

(ख) 'अल्पसंख्यक/लोपोन्मुख आदिवासी जनजाति' भन्नाले आदिवासी जनजातिको सूचीमा सूचीकृत भई जनसंख्याको हिसाबले न्यून रहेका र आर्थिक तथा सामाजिक बहिस्करणमा परेका समुदायलाई सम्झनुपर्दछ । (दफा ३३ को परिशिष्ट (ख)मा हेर्नुहोस्)

(ग) 'जनजाति पत्रकार' भन्नाले आदिवासी जनजाति कुलमा जन्मिएर छापा, प्रसारण तथा अनलाइनजस्ता कुनै पनि प्रकृतिका आमसञ्चारका माध्यमसँग आवद्ध भई समाचार संकलन, उत्पादन, सम्पादन, सम्प्रेषण, समाचार

लेखन/पुनर्लेखन गर्ने कार्यका साथै नियमित स्तम्भ लेखक, कार्टुनिष्ट, फोटो पत्रकार, प्रेस क्यामरापर्सन, समाचार तथा समाचारमूलक कार्यक्रम निर्माता तथा सञ्चालक, समीक्षक, साजसज्जा, भाषा सम्पादक एवं सूचना विभागबाट स्वतन्त्रको परिचयपत्र लिएर पत्रकारिता गरिरहेकालाई जनाउनेछ ।

(घ) सङ्घ/संगठन भन्नाले नेपाल सरकारद्वारा सूचिकृत भएका आदिवासी जनजाति अन्तर्गतका विभिन्न समुदायमा जन्मिएर पत्रकारिता व्यवसायमा आबद्ध सञ्चारकर्मीहरूले प्रचलित कानुन बमोजिम स्थापना गरेका जातीय पत्रकार सङ्घ/संगठनहरूलाई बुझ्नुपर्दछ ।

(ङ) 'विधान' भन्नाले नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज)को विधान–२०७२ (पहिलो संशोधन २०७३) भन्ने बुझ्नुपर्दछ ।

(च) 'महासङ्घ' भन्नाले नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ भन्ने बुझ्नु पर्दछ ।

(छ) 'अध्यक्ष' भन्नाले महासङ्घको अध्यक्ष भन्ने बुझ्नु पर्दछ ।

(ज) 'पदाधिकारी' भन्नाले महासङ्घको अध्यक्ष लगायत अन्य निर्वाचित पदाधिकारी समेतलाई जनाउँदछ ।

(झ) 'सदस्य' भन्नाले महासङ्घको कुनै पनि तहको सदस्यलाई जनाउँदछ ।

(ञ) 'स्थानीय अधिकारी' भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउँदछ ।

(ट) 'सचिवालय' भन्नाले केन्द्रीय कार्यसमितिले दैनिक कार्य सन्चालन गर्न गठन गरेको समिति बुझ्नुपर्दछ ।

(ठ) 'शाखा' भन्नाले जिल्ला, विदेश शाखा बुझ्नुपर्दछ ।

(ड) 'प्रादेशिक समिति' भन्नाले विधानको दफा १३ को (२) बमोजिम गठन भएको महासंघको प्रादेशिक समितिलाई जनाउँदछ ।

(ढ) 'अनुशासन समिति' भन्नाले यस विधान बमोजिम गठन भएको अनुशासन समितिलाई सम्झनु पर्दछ ।

(ण) 'आर्थिक समिति' भन्नाले यस विधान बमोजिम गठन भएको अनुशासन समितिलाई सम्झनु पर्दछ ।

(त) 'सल्लाहाकार समिति' भन्नाले यस विधान बमोजिम गठन भएको अनुशासन समितिलाई सम्झनु पर्दछ ।

## ३. संस्थाको छाप र चिन्ह

संस्थाको प्रतिक चिन्ह (छाप) तल दिइएअनुसारको हुनेछ ।

(क) पृष्ठभूमिमा खाम समावेश भएको समाचारपत्र बीच भागमा रहनेछ ।

(ख) समाचारपत्रको पछाडिपट्टि दाहिने हातले लेख्दा देखिने गरी कलम हुनेछ ।

(ग) यी चिन्हहरूलाई अन्तर्राष्ट्रिय आदिवासीहरूको चिन्हले घेरेको हुनेछ ।

(घ) आदिवासी चिन्ह वृतभित्र शरीरको भागमा महासङ्घको संक्षिप्त नाम (ँयल्क्ष्) हुनेछ । तल्लो भागमा ई.स.मा स्थापना वर्ष १९९९ अंकित हुनेछ ।

(ङ) दुई वृतको बीचमा माथि अंग्रेजीमा संस्थाको नाम ँभमभचबतष्यल या ल्भउबभिकभ क्ष्लमष्नभलयगक ल्बतष्यलबष्तिष्भक वयगचलबष्कितक र तल नेपालीमा 'नेपाल आदिवासी जानजाति पत्रकार महासङ्घ' लेखिएको हुनेछ ।

## परिच्छेद–२

उद्देश्य

### ४. संस्थाको उद्देश्य

प्रचलित नेपालको कानुनविपरित नहुने गरी नेपाल सरकारको नीति निर्देशन बमोजिम यस संस्थामा देहायका उद्देश्यहरू हुनेछन् ।

(क) यो संस्था मुनाफारहित, जनहितकारी सामाजिक संस्था हुनेछ ।

(ख) देश र विदेशमा रहेका नेपाली आदिवासी जनजाति पत्रकारहरूलाई एकसुत्रमा आबद्ध गरी व्यवसायिक नेतृत्व प्रदान गर्ने ।

(ग) आदिवासी जनजातिहरूको सांस्कृतिक प्रदुषीकरण (Cultural pollution) प्रति चेतना जगाउने ।

(घ) आदिवासी जनजाति पत्रकारको सर्वाङ्गीण विकासका लागि आवश्यक संस्थागत सञ्चार, तालिमको विकास गर्ने ।

(ङ) मानवअधिकारको विश्वव्यापी घोषणापत्र तथा आइएलओ १६९ ले निर्दिष्ट गरेका आदिवासी जनजातिका अधिकार प्राप्तिका लागि चेतनामुलक कार्यहरू गर्ने ।

(च) आदिवासी जनजाति अधिकारका सवालहरूलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ–संस्थाहरूसँग सम्वन्ध विस्तार गरी सञ्चारमाध्याममार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रियकरण गर्नुका साथै सो सम्बन्धी सभा, गोष्ठीको आयोजन ागर्ने तथा विदेशमा भएको कार्यक्रमहरूमा सहभागी हुने ।

(छ) नेपालका आदिवासी जनजातिहरूको हक अधिकार र सेवा सुविधाको सम्बन्धमा सुसूचित गराउने ।

(ज) राष्ट्रको शान्ति र स्थायित्वको लागि विकासको मूलप्रवाहमा आदिवासी जनजातिलगायतका समुदायको पहुँच, प्रतिनिधित्व र सहभागीताका लागि सञ्चार पैरवी गर्ने ।

(झ) आदिवासी जनजाति अन्तर्गतका विभिन्न समूदायमा जन्मिएर पत्रकारिता व्यवसायमा आबद्ध सञ्चारकर्मीहरूले प्रचलित कानुन बमोजिम स्थापना

गरेका जातीय पत्रकार सङ्घ/संगठनहरूलाई संगठित गर्ने ।

(ञ) आदिवासी जनजातिहरूको मातृभाषा, कला, सीप र संस्कृति सम्बन्धी अध्ययन अनुसन्धान गरी उत्थान गर्ने, गराउने ।

(ट) आदिवासी जनजातिका सवालमा सञ्चार र साहित्व सम्बन्धी पैरवीको काम गर्ने ।

(ठ) अल्पसंख्यक आदिवासी जनजाति तथा महिला पत्रकारहरूको क्षमता अभिवृद्धि र आमसञ्चार माध्याममा सहभागिताका लागि कार्यक्रमहरू सञ्चालन गर्ने ।

(ड) हाल विश्वव्यापी रूपमा देखिएका जलवायु परिवर्तनका कारण हुन सक्ने दैविक विपत्तिहरूबाट बच्नको लागि वातावरणीय स्वच्छताका लागि वातावरणमैत्री सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न सहयोग गर्ने ।

(ढ) जनजाति पत्रकारको व्यावसायिक हकहित र भौतिक सुरक्षाका लागि सक्रिय रहने ।

५. संस्थाको उद्देश्य प्राप्त गर्न गरिने कामहरू :–यस संस्थाको उपरोक्त उद्देश्यहरू प्राप्त गर्न देहायका कार्यहरू गर्नेछ :–

(क) संस्थाले प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गरी मात्र आपनो उद्देश्यहरू कार्यान्वयन गर्नेछ ।

(ख) संस्थालाई आवश्यक पर्ने भवन निर्माण गर्ने वा भाडामा वा लिजमा लिनेछ र कम्प्यूटर, टेलीफोन, फ्याक्स जस्ता कार्यालय सामान तथा सवारी साधन खरिद गर्नेछ वा भाडामा लिई प्रयोग गर्नेछ ।

(ग) संस्थालाई आवश्यक पर्ने कर्मचारी नियुक्त गर्ने तथा तिनको सेवाका शर्तहरू निर्धारण गर्नेछ ।

(घ) संस्थामा प्राप्त रकम बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गर्नेछ ।

(ङ) कुनै कार्यको लागि अन्य संस्थालाई प्रतिनिधि नियुक्ति गर्ने र स्वयमसेवक भई कार्य गर्न सक्नेछ ।

(च) कुनै कार्यका लागि अन्य संस्थासँग समन्वय गरी कार्य गर्न सक्नेछ ।

(ङ) अन्य आवश्यक कुराहरू

१. संस्थालाई आकस्मिक क्षतिबाट बचाउन संस्थाको भवन लगायतका सबै सम्पत्तिहरू बीमा गराउनेछ ।

२. संस्थाको नाममा प्राप्त हुन आएको वा अनुदान मार्फत आएको वा खरिद गरेको चल अचल सम्पत्तिहरूको स्वामित्व र व्यवस्थापन संस्थामै निहित हुनेछ ।

३. संस्थाको लागि प्राप्त हुन सक्ने सबै प्रकारका सुविधा, सहुलियत प्राप्त गर्न

नेपाल सरकारको कार्यालयहरूसँग अनुरोध गर्नेछ ।

४. संस्थाको तर्फबाट वा विरूद्धमा परेको मुद्दा मामिलाहरूको पुर्पक्ष गर्ने, प्रतिरक्षा गर्ने, लिखित जवाफ पेश गर्ने, यस सम्बन्धमा आवश्यक कानूनी सेवा प्राप्त गरी आफ्नो हक अधिकार र सहुलियत सुविधालाई सुरक्षित राख्नेछ ।

५. संस्थाको आफ्नो लक्ष्य र उद्देश्य प्राप्त गर्नको लागि सर्वसाधरणलाई बढी जानकारी गराउन विभिन्न संचारका साधन, जर्नल, बुलेटिन, टेलीभिजन, पत्रपत्रिकाबाट विज्ञापन सूचना आदि प्रशारण गर्ने गराउनेछ ।

## परिच्छेद-३

सदस्यता

### ६. सदस्यताको वर्गीकरण

यस संस्थाका देहाय बमोजिम ४ प्रकारका सदस्यहरू वर्गीकरण गरिएको छ :-

(क) सदस्य

देहाय बमोजिमका सदस्यहरू महासंघको सदस्य हुन योग्य हुनेछन् ।

१) आदिवासी जनजाति समुदायभित्रको नेपाली नागरिक हुनुपर्नेछ ।

२) सदस्य हुन ईच्छुक व्यक्ति महासंघप्रति बफादार, कर्तव्यनिष्ठ र समाजसेवि हुनुपर्नेछ ।

३) कम्तीमा एसएलसी उत्तिर्ण भई कुनै पनि सञ्चार माध्याममा कम्तिमा १ वर्ष काम गरेको हुनुपर्नेछ । महिला, अल्पसंख्यक र पिछडिएको क्षेत्र (कर्णाली) र शारिरीक रूपमा अशक्तले ६ महिनादेखि पत्रकारिता गरेको भए हुनेछ । तर लगातार १० वर्षदेखि पत्रकारिता गरेको भएमा यो दफा लागु हुनेछैन ।

४) सदस्यको उमेर कम्तिमा १८ वर्ष पुगेको हुनुपर्नेछ ।

५) नैतिक पतन नठहरिएको र फौजदारी सजाय नपाएको हुनुपर्नेछ ।

६) मानसिक सन्तुलन नगुमाएको हुनुपर्नेछ ।

७) कुनै प्रकारको चोरी, ठगी, कीर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरूपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाई सजाय पाएको एक वर्ष भएको व्यक्ति सदस्य हुनेछैन ।

(ख) संस्थागत सदस्य

आदिवासी जनजाति अन्तर्गतका विभिन्न समुदायमा जन्मिएर पत्रकारिता व्यवसायमा आबद्ध भएका सञ्चारकर्मीहरूले प्रचलित कानून बमोजिम स्थापना गरेका जातीय पत्रकार संघ/संगठनहरूलाई महासंघले संस्थागत सदस्यता दिन सक्नेछ । नेपाल

आदिवासी जनजाति पत्रकार महासंघमा आबद्ध सम्बन्धित जातीय संघ/संगठनले आधिकारिकता प्रदान गरेको एक जाति एक संघ/संगठनले मात्र सदस्यता पाउनेछ ।

(ग) मानार्थ सदस्य : महासंघको उद्देश्य प्राप्तीमा कम्तिमा १५ वर्षदेखि योगदान पुऱ्याईरहेको व्यक्तिलाई महासंघको मानार्थ सदस्य प्रदान गरिनेछ ।

(घ) आजीवन सदस्य : महासंघको सदस्यहरूमध्येबाट रू. ५०००।– (पाँच हजार) तिरेर महासंघको आजीवन सदस्य हुन ईच्छुकहरूलाई आजीवन सदस्य दिन सकिनेछ ।

## ७. सदस्यता प्राप्तिको लागि आवश्यक योग्यता

यस महासंघको सदस्यता प्राप्तीको लागि देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ :

(क) आदिवासी जनजाति समुदाय भित्रको नेपाली नागरिक हुनुपर्नेछ ।

(ख) सदस्य हुन इच्छुक व्यक्ति महासंघप्रति वफादर, कर्तव्यनिष्ठ र समाजसेवी हुनुपर्दछ ।

(ग) कम्तीमा एसएलसी उत्तिर्ण भई कुनै पनि सञ्चार माध्याममा कम्तीमा ६ महिना पत्रकारिता गरेको हुनुपर्नेछ । तर, लगातार कम्तीमा १० वर्ष पत्रकारिता गरेको भएमा यो दफा लागू हुनेछैन ।

(घ) सदस्यको उमेर कम्तीमा १८ वर्ष पुगेको हुनुपर्नेछ ।

(ङ) नैतिक पतन नठरिएको र फौजदारी सजाय नपाएको हुनुपर्नेछ ।

(च) मानसिक सन्तुलन नगुमाएको हुनुपर्नेछ ।

(छ) साहुको दामासाहीमा परेको ।

(ज) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरूपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाई सजाय पाएको एक वर्ष व्यक्ति ।

## ८. महासंघको सदस्यता प्राप्त गर्न वा बहाल रहन नसक्ने अवस्था

देहायका अवस्थामा कुनै व्यक्ति महासंघको सदस्यता सदस्य पदमा प्राप्त गर्न सक्ने छैन ।

(क) गैर नेपाली नागरिक ।

(ख) १८ वर्ष उमेर पूरा नगरेको ।

(ग) मगज विग्रेको वा बौलाएको ।

(घ) सार्वजनिक सम्पत्ति हिनामिना गरेको ठहरिएको ।

(ङ) नैतिक पतन देखिने फौजदारी र भ्रष्टाचारीको अभियोगमा सजाय पाएको ।

(च) सम्बन्धित संस्थाको व्यवसायमा नीजि स्वार्थ भएको ।

(छ) साहुको दामासाहीमा परेको ।

(ज) कुनै प्रकारको चोरी, ठगी, किर्ते वा जालसाजी गरेको वा आफ्नो जिम्माको धनमाल अनधिकृत तवरले मासेको वा दुरूपयोग गरेको वा भ्रष्टाचार गरेको अभियोगमा अदालतबाट कसूरदार ठहरी सजाय पाई सजाय पाएको एक वर्षभित्र ।

## ९. सदस्यताको समाप्ति

१. देहायको अवस्थामा कुनै व्यक्ति महासंघको सदस्यको बहाल रहने छैन ।

(क) यस विधानको दफा ८ बमोजिमको सदस्य पद प्राप्त गर्न नसक्ने भएमा ।

(ख) साधारणसभाबाट ७५ प्रतिशत सदस्यहरूको बहुमतले महासंघको सदस्य पदबाट हटाउने प्रस्ताव पारित गरेमा ।

(ग) सदस्यले आफ्नो पदबाट दिएको राजिनामा स्वीकृत भएमा,

(घ) संस्थाको काम कारबाहीमा बेईमानी वा बदनियत गरेको कुरा अदालतबाट प्रमाणित भएमा,

(ङ) यस विधान बमोजिम महासंघले गर्न नहुने भनी तोकिएको कुनै कार्य गरेमा,

(च) सदस्यता शुल्क बुझाउन बाँकी भएमा ।

(छ) महासंघ विघटन भै खारेज भएमा ।

२. कुनै व्यक्ति महासंघको सदस्यता प्राप्त गर्न वा बहाल रहन अयोग्य ठहराउनुभन्दा अघि संस्थाले निजलाई सो कुराको सूचना दिई, सफाई पेश गर्ने मौका दिईनेछ ।

## १०. सदस्यता शुल्क र सदस्यता प्रदान गर्ने विधि

१. यस विधानको दफा ६ बमोजिमको सदस्यहरूले देहाय बमोजिमको उपदफामा तोकिएको शुल्क तिरी सदस्यता प्राप्त गर्न सक्नेछन् ।

क) सदस्यता शुल्क वार्षिक रू. १००।- हुनेछ र नयाँ सदस्यलाई प्रवेश शुल्क रू. २००।- हुनेछ । नयाँ सदस्यता लिएको वर्ष वार्षिक शुल्क लाग्ने छैन ।

(ख) संस्थागत सदस्यता वार्षिक शुल्क रू. ५००।- हुनेछ । संस्थागत सदस्य प्रवेश शुल्क रू. १०००।- हुनेछ । नयाँ सदस्यता लिएको वर्ष वार्षिक शुल्क लाग्ने छैन ।

(ग) सदस्यता कम्तिमा एक आर्थिक वर्षको हुनेछ ।

(घ) जुनसुकै महिना वा दिनमा सदस्यता लिएमा वा नवीकरण गरेमा पनि निजले बुझाएको शुल्क त्यसै आर्थिक वर्ष सकिदाको महिनाको मसान्तसम्मको लागि मात्र कायम हुनेछ र अर्को सालको लागि नवीकरण गर्न पुनः नियमानुसार शुल्क बुझाउनुपर्नेछ ।

(ङ) प्रत्येक सदस्य शुल्क वा नवीकरण शुल्कको ५० प्रतिशत सम्बन्धित शाखामा, २५ प्रतिशत प्रादेशिक समितिमा र २५ प्रतिशत संघीय समितिमा पठाउनुपर्नेछ । जिल्ला शाखाले केन्द्र र प्रादेशिकमा पठाउनुपर्ने रकम आर्थिक वर्षको अन्तिम महिनाको मसान्तसम्म पठाईसक्नुपर्नेछ ।

(च) संस्थागत सदस्यहरूको प्रवेश शुल्क र नवीकरण शुल्क संघीय समितिमा जम्मा हुनेछ ।

(छ) सबै सदस्यहरूले यस विधान र विधान अन्तर्गत बनेका नियम र बिनियम बमोजिम भएको व्यवस्थाको पालना गर्नुपर्नेछ ।

२. सदस्यता प्राप्त गर्ने विधि

(क) महासंघको सदस्य बन्नलाई कार्यरत सम्बन्धित सञ्चार संस्थामा बहाल रहेको परिचय पत्र वा नियुक्ति पत्रको प्रतिलिपि, प्रकाशित वा प्रशारित सामाग्रीको एक प्रति, नेपाली नागरिकताको प्रतिलिपि र शैक्षिक योग्यताको प्रतिलिपि आवेदन फारमसहित सम्बन्धित शाखामा पेश गर्नुपर्नेछ ।

(ख) आवेदन आएपछि शाखाले छानवीन गरि योग्यता पुगेका आवेदकको सदस्यता स्वीकृती गरि अनुमोदनका लागि सम्बन्धित प्रादेशिक समितिमा सिफारिस गर्नुपर्नेछ । प्रादेशिक समितिले शाखाहरूबाट विवरण प्राप्त भएको मितिले २ महिनाभित्र टुंगो लगाएर अभिलेखका लागि संघीय समितिमा पठाउनुपर्नेछ ।

(ग) सदस्यतामा विवाद उत्पन्न भएमा प्रादेशिक समितिले छानवीन समिति बनाएर छानवीन गर्न सक्नेछ । छानवीनको क्रममा विवादित व्यक्ति सदस्यताका लागि अयोग्य प्रमाणित भएमा नीजको सदस्यता खारेज हुनेछ । अयोग्यको सदस्यता स्वीकृत गर्ने कार्यमा संलग्न शाखा पदाधिकारीमाथिसमेत प्रादेशिक समितिले छानवीन गर्न सक्नेछ ।

(घ) संस्थागत सदस्यताका लिन चाहाने संघ/संगठनहरूले महासंघको संघीय समिति समक्ष आवेदन दिनुपर्नेछ । त्यस्तो आवेदनसाथ संस्था दर्ता प्रमाणपत्र, विधान, लेखापरिक्षण प्रतिवेदन, नियमानुसार नवीकरण भएको प्रमाण पत्र र संस्थामा रहेका पदाधिकारी तथा सदस्यहरूको विवरण पेश गर्नुपर्नेछ । अन्तिम निर्णय संघीय समितिले गर्नेछ ।

(ङ) मानार्थ सदस्यता प्रदान गर्ने काम संघीय समितिको सिफारिसले संघीय महाधिवेशनले प्रदान गर्नेछ ।

(च) आजीवन सदस्यका लागि सदस्यहरूमध्यबाट ईच्छुकले सम्बन्धित शाखामार्फत संघीय समितिमा निवेदन दिनुपर्नेछ । संघीय समितिले आजिवन सदस्यहरूको निर्णय गर्नेछ । आजीवन सदस्यको सदस्यता प्रत्येक वर्ष स्वतः नवीकरण भएको मानिनेछ ।

(छ) नयाँ सदस्यता, स्वीकृति, अनुमोदन गर्ने काम सम्बन्धित समितिको निर्वाचन हुनुभन्दा ३ महिना अघि भईसक्नुपर्नेछ । निर्वाचन सम्पन्न भएदेखि अर्को निर्वाचन हुनुको ३ महिनाअघिसम्म जुनसकै बेला सदस्यताका लागि ओवदन दिन सकिनेछ । सम्बन्धित शाखाहरूले सदस्यताको आवेदन आह्वान गर्नेछन् ।

## परिच्छेद -४

साधारण सभा, कार्यसमिति तथा बैठक सम्बन्धी व्यवस्था

### ११. साधारणसभाको गठन

१. वार्षिक साधारसभा वर्षमा एकपटक हुनेछ । साधारणसभामा शाखाका अध्यक्षसहित २ जना प्रतिनिधिको रूपमा सहभागी हुनेछन् ।

२. संस्थागत सदस्य संस्थाबाट कार्यसमितिले निर्णय गरी सिफारिस गरेको २ जना प्रतिनिधि सहभागी हुनेछन् ।

३. साधारणसभाले महासङ्घको वार्षिक कार्यप्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन पारित गर्नुका साथै वार्षिक कार्ययोजना तय गर्नेछ । साधारणसभाले आवश्यकताअनुसार विधान संशोधन प्रस्ताव पारित गर्नसक्नेछ । तर साधारणसभाबाट पारित विधान राष्ट्रिय महाधिवेशनले अनुमोदन गर्नुपर्नेछ ।

४. यस संस्थाको विधानको दफा ७ अनुसार सदस्यता प्राप्त गर्ने मानार्थ सदस्यहरू बाहेक अन्य सदस्यहरू संस्थाको साधारण सभा गठन हुनेछ । मानार्थ सदस्यहरू आमन्त्रित हुनेछन् । साधारण सभा संस्थाको सर्वोच्च अंग हुनेछ ।

५. यस संस्थाको साधारण सभा देहाय बमोजिम हुनेछ :-

(क) वार्षिक साधारण सभा : वर्षको एक पटक वार्षिक साधारण सभा बस्नेछ ।

(ख) विशेष साधारण सभा : संस्थाको कुल सदस्य संस्थाको १/४ (एक चौथाई) सदस्यहरूले कारण जनाई विशेष साधारण सभा माग गरेमा विशेष साधारण सभा कार्यसमितिले कम्तिमा ७ (सात) दिनभित्र अनिवार्य रूपमा बोलाउनुपर्नेछ । तर, साधारण सभा वा विशेष सभा बसेको ६ महिना भित्र पुनः विशेष साधारण सभा बस्न सक्ने छैन ।

६. यस संस्थाको प्रथम वार्षिक साधारण सभा संस्था स्थापना भएको आ.व.

समाप्त भएको मितिले ६ (छ) महिना भित्रमा गरिनेछ र त्यसपछिका वार्षिक साधारण सभाहरू आर्थिक वर्ष समाप्त भएको मितिले ६ (छ) महिनाभित्र गरिनेछ ।

७. यस संस्थाको वार्षिक साधारणसभा गर्नका लागि कम्तिमा १५ दिन अगावै र विशेष साधारणसभा गर्नका लागि कम्तिमा ७ (सात) दिन अगावै सभा हुने स्थान मिति, समय र छलफल गर्ने विषय खोली सबै साधारण सदस्यहरूलाई सूचना दिईनेछ ।

८. उप-दफा ४ बमोजिम बोलाईएको साधारण सभा वा विशेष साधारण सभामा विधानको दफा १८ बमोजिमको गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तिमा ७ (सात) दिनको म्याद दिई पुनः साधारण सभा बोलाईने ।

९. साधारणसभा र विशेष साधारणसभाको छुट्टाछुट्टै निर्णय पुस्ति राखिनेछ ।

## १२. साधारण सभाको काम कर्तव्य र अधिकार

साधारणसभाको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) कार्य समितिले पेश गरेको योजना कार्यक्रम र वार्षिक बजेट पारित गर्ने ।

(ख) लेखा परिक्षकबाट प्राप्त वार्षिक लेखापरिक्षण प्रतिवेदन माथि छलफल गरी अनुमोदन गर्ने र लेखा परिक्षण प्रतिवेदनबाट देखिएका बेरूजु रकमहरूमाथि छलफल गरी नियमित गर्न नमिल्ने बेरूजु रकमहरू असुल उपर गरी फछ्र्यौट गर्नको लागि कार्य समितिलाई निर्देशन दिने ।

(ग) आगामी वर्षको लागि लेखापरिक्षकको नियुक्ति गर्ने ।

(घ) संस्थाको वार्षिक कार्य प्रगति विवरण र संस्थाले गरेको कार्यहरूको मूल्यांकन गरी कार्य समितिलाई आवश्यक निर्देशन दिने ।

(ङ) संस्थाको कार्य समितिका पदाधिकारीहरूको पदावधि पुगेको अवस्थामा कार्य समितिका पदाधिकारीहरूको विधान बमोजिमको प्रक्रिया अन्तर्गत रही निर्वाचन गर्ने ।

(च) कार्य समितिद्वारा पेश भएका विधान संशोधन, नियम तथा विनियम स्वीकृत गर्ने । तर, साधारणसभाबाट पारित विधान राष्ट्रिय महाधिवेशनले अनुमोदन गर्नुपर्नेछ ।

(छ) मानार्थ सदस्यता प्रदान गर्ने ।

(ज) कार्यसमिबाट संस्थाको हित अनुकुल भएका काम कारबाहीहरूको औचित्य हेरी अनुमोदन गर्ने ।

(झ) संस्थाको आफ्नै आन्तरिक स्रोतबाट व्यहोर्ने गरी कार्य समितिले पेश गरेको कर्मचारीहरूको दरबन्दी, पारिश्रमिक, भत्ता तथा अन्य सुविधाहरूमा आवश्यकता अनुरूप स्वीकृति प्रदान गर्ने ।

१३. **संघीय महाधिवेशन र महासंघको गठन** (**संघीय/प्रादेशिक/जिल्ला/विदेश**) महासंघको जिल्ला वा विदेश शाखा गठन गर्नका लागि कम्तिमा ७ (सात) जना आदिवासी जनजाति पत्रकार सदस्यहरू हुनु अनिवार्य छ । तर, जिल्ला शाखाको हकमा संख्या नपुगेमा एक वा सोभन्दा बढी जिल्लाका आदिवासी जनजाति पत्रकारहरूको सदस्य मिलेर पनि संयुक्त शाखा गठन गर्न सक्नेछ । विदेशमा रही विभिन्न सञ्चार माध्याममा कार्यरत आदिवासी जनजातिहरूले विदेशस्थित सम्पर्क समिति गठन गर्न सक्नेछ । सो समिति शाखा सरह हुनेछ । साथै आवश्यकताअनुसार सल्लाहकार राख्न सकिनेछ ।

**(१) महासंघको गठन व्यवस्था**

प्रचलित कानुन बमोजिम स्थापना भएका आदिवासी जनजातीय पत्रकार सङ्घ/संगठनहरू महासङ्घमा संस्थागत सदस्यका रूपमा आबद्ध हुन सक्ने छन् । उनीहरू आफ्नो संस्थाको विधान बमोजिम चल्न स्वतन्त्र हुने छन् । तर महासङ्घको उद्देश्य, नीति तथा कार्यक्रममाथि कुनै प्रकारको असर पार्न पाईने छैन । महासङ्घको उद्देश्य, नीति तथा कार्यक्रमसँग बाझिने कुनै पनि गतिविधि बाझिएको हदसम्म अमान्य हुनेछ । महासङ्घको उद्देश्य, नीति तथा कार्यक्रम प्रतिकुल हुने गरी गतिविधि गरेको प्रमाणित भएमा केन्द्रीय कार्यसमितिले संस्थागत सदस्यता खारेजीको लागि साधारणसभामा लैजान सक्नेछ ।

**(२) संघीय महाधिवेशन (अवधि/गठन)**

(क) राष्ट्रिय महाधिवेशन महासङ्घको सर्वोच्च निकाय हुनेछ ।

(ख) राष्ट्रिय महाधिवेशन प्रत्येक तीन/तीन वर्षमा एकपटक हुनेछ । तर विशेष परिस्थितिमा कार्य समितिको निर्णयले समय अगावै पनि महाधिवेशन बोलाउन सक्नेछ ।

(ग) राष्ट्रिय महाधिवेशन हुनुभन्दा कम्तिमा एक महिना अगावै कार्य समितिले महाधिवेशन हुने स्थान, मिति र समयको लिखित सूचना कार्य सूचीसहित जिल्ला/विदेश शाखा र संस्थागत सदस्य संस्थाहरूलाई पठाउनु पर्नेछ ।

(घ) प्रत्येक प्रादेशिक समिति, जिल्ला र विदेश शाखाका अध्यक्ष महाधिवेशनको पदेन प्रतिनिधि हुनेछन् ।

(ङ) महासंघको संघीय महाधिवेशनमा प्रत्येक शाखाको अधिवेशनबाट निर्वाचित दुई/दुईजना (एक महिलासहित) संघीय प्रतिनिधि र थप एक/एकजना पर्यवेक्षकको रूपमा सहभागी हुन सक्नेछ । तर एउटै शाखामा ३० जनाभन्दा बढी सदस्य भएको हकमा भने १० जना बराबर १ जना प्रतिनिधि हुने गरी निर्वाचित भई आउन सक्नेछन् । यसरी हिसाब गर्दा दलमलवमा आउने संख्यामा ०.५ प्रतिशतभन्दा बढी आएमा थप १ जना प्रतिनिधि छानिनेछ ।

(च) संस्थागत सदस्य संस्थाहरूबाट कार्य समितिले निर्णय गरी सिफारिस गरेका

३/३ जना प्रतिनिधि -एक महिलासहित) र एक/एक जना पर्यवेक्षकको रूपमा सहभागी हुन सक्नेछ ।

(छ) प्रादेशिक समितिले २/२जना प्रतिनिधि मनोनयन गरेर पठाउन सक्नेछन् ।

(ज) महासङ्घको केन्द्रीय समितिका सबै पदाधिकारी तथा सदस्यहरू राष्ट्रिय महाधिवेशनको प्रतिनिधि मानिने छन् ।

(झ) केन्द्रीय कार्यसमितिले १० जना (विभिन्न क्षेत्र तथा विधा र जातिका पत्रकार)हरूलाई राष्ट्रिय महाधिवेसनको प्रधिनिधिका रूपमा मनोनित गर्न सक्नेछ ।

(ञ) महासंघका भूतपूर्व अध्यक्षहरू, सल्लाहकार समिति, अनुशासन समिति, आर्थिक (लेखा) समिति स्वतः राष्ट्रिय महाधिवेशन प्रतिनिधि हुनेछन् ।

**(३) संघीय महाधिवेशनको कार्य**

(क) संघीय महाधिवेशनले महासंघको नयाँ संघीय कार्य समिति, लेखा समिति चयन गर्नेछ ।

(ख) संघीय महाधिवेशनको निर्वाचनमा प्रतिनिधिहरूले मात्र मतदान गर्न पाउने छन् ।

(ग) संघीय अध्यक्षका लागि एक कार्यकाल पदाधिकारी भएको हुनुपर्नेछ । संघीय पदाधिकारीका लागि कम्तीमा एक कार्यकाल संघीय सदस्य वा महासंघको सदस्यता लिएको ६ वर्ष पुगेको हुनुपर्नेछ । संस्थागत सचिवको हकमा यो लागू हुने छैन ।

(घ) संघीय सदस्यका लागि प्रतिनिधिहरू महाधिवेशनको निर्वाचनमा उम्मेदवार बन्न पाउने छन् । प्रादेशिक इन्चार्ज (सदस्य)को हकमा सम्बन्धित प्रादेशको सदस्यता भएको हुनुपर्नेछ । प्रादेशिक ईन्चार्जहरूलाई सम्बन्धित प्रादेशका प्रतिनिधिहरूले मात्रै मतदान गर्नेछन् ।

(ङ) जिल्ला अध्यक्ष र प्रादेशिक अध्यक्षहरू कुनै पनि पदमा उम्मेदवार बन्न पाउने छैनन् ।

(च) संस्थागत सदस्य संस्थाबाट चुनिएको प्रतिनिधि तोकिएको संस्थाबाट चुनिने संघीय सदस्यमामात्रै उम्मेदवार बन्न पाउनेछ । संस्थागत सचिवमा संस्थागततर्फबाट अघिल्लो संघीय कार्यसमितिमा चुनिएका र संस्थागत सदस्य संस्थाबाट चुनिएका प्रतिनिधिहरूले मात्रै उम्मेदवारी दिन पाउने छन् ।

(छ) पदाधिकारी, खुला सदस्य, महिला, अल्पसंख्यक सदस्यहरूलाई सबै प्रतिनिधिहरूले सबै उम्मेदवारलाई मतदान गर्न पाउने छन् ।

(ज) महासंघको अध्यक्ष दुई कार्यकाल भन्दा बढी हुन पाइने छैन ।

(झ) महाधिवेशनले कार्यसमितिका तर्फबाट महासचिवद्वारा प्रस्तुत हुने आगामी

नीति तथा कार्यक्रमसमेत समेटिएको कार्यकाले कार्यप्रगति प्रतिवेदन, कोषाध्यक्षको आर्थिक प्रतिवेदन पारित गर्नेछ ।

(ञ) महासंघको विधान आवश्यकताअनुसार संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

(ट) महासंघको आवश्यक नीति तथा कार्यक्रमको तर्जुमा गर्नेछ ।

**४. प्रादेशिक महाधिवेशन (गठन/अवधि)**

क) प्रादेशिक महाधिवेशन प्रत्यक तीन वर्षमा एक पटक हुनेछ । तर विशेष परि स्थितिमा कार्य समितिको निर्णयले समय अगावै पनि प्रादेशिक महाधिवेशन बोलाउन सक्ने छ ।

(ख) प्रादेशिक महाधिवेशन हुनुभन्दा कम्तीमा एक महिना अगावै कार्य समितिले महाधिवेशन हुने स्थान, मिति र समयको लिखित सूचना कार्यसूचीसहित शाखा, संस्थागत सदस्य संस्थाका प्रादेशिक समितिहरूलाई पठाउनुपर्नेछ ।

(ग) जिल्ला अध्यक्षहरू प्रादेशिक महाधिवेशनको पदेन प्रतिनिधि हुनेछन् ।

(घ) महासंघको प्रादेशिक महाधिवेशनमा प्रत्यक शाखाबाट एक महिला अनिवार्यसहित तीन/तीन जना प्रादेशिक महाधिवेशन प्रतिनिधि र एक/एक जना पर्यवेक्षकका रूपमा सहभागी हुन सक्नेछन् ।

(ङ) संस्थागत सदस्य संस्थाहरूका प्रादेशिक समितिले निर्णय गरी सिफारिस गरेका तीन/तीन जना प्रतिनिधि र एक/एक जना पर्यवेक्षक सहभागी हुन सक्नेछन् ।

(च) प्रादेशिक समितिका पदाधिकारी तथा सदस्यहरू प्रादेशिक महाधिवेशनको प्रतिनिधि हुनेछन् ।

(छ) प्रादेशिक समितिले ७ जना (विभिन्न विधा, लिंग र जातिका पत्रकार)लाई प्रादेशिक महाधिवेशन प्रतिनिधि मनोनित गर्न सक्नेछ ।

(ज) सम्बन्धित प्रादेशका जिल्ला अध्यक्षहरू पदेन सदस्य रहने गरी पहिलो पटकलाई संघीय समितिले प्रादेशिक तदर्थ समितिको घोषणा गर्नेछ । संयोजक संघीय समितिले संघीय सदस्यहरूमध्यबाट तोक्नेछ । तदर्थ समिति गठन भएको तीन महिनाभित्र विधान बमोजिम प्रादेशिक महाधिवेशन बोलाउनुपर्नेछ ।

**५. प्रादेशिक महाधिवेशनको कार्य**

(क) प्रादेशिक महाधिवेशनले महासंघको नयाँ प्रादेशिक कार्य समिति चयन गर्नेछ ।

(ख) प्रादेशिक महाधिवेशनको निर्वाचनमा प्रतिनिधिहरूले मात्र मतदान गर्न पाउने छन् ।

(ग) प्रादेशिक समितिको पदाधिकारी तथा सदस्यका लागि प्रतिनिधिहरू

महाधिवेशनको निर्वाचनमा उम्मेदवार बन्न पाउने छन् ।

(ङ) जिल्ला अध्यक्षहरू कुनै पनि पदमा उम्मेदवार बन्न पाउने छैनन् ।

(च) संस्थागत सदस्य संस्थाबाट चुनिएको प्रतिनिधि तोकिएको संस्थाबाट चुनिने प्रादेशिक सदस्यमामात्रै उम्मेदवार बन्न पाउनेछ । प्रादेशिकको संस्थागत सचिवमा संस्थागततर्फका प्रतिनिधिहरूले मात्रै उम्मेदवारी दिन पाउने छन् ।

(छ) सबै प्रतिनिधिहरूले सबै उम्मेदवारलाई मतदान गर्न पाउने छन् ।

(ज) महासंघको प्रादेशिक अध्यक्ष दुई कार्यकाल भन्दा बढी हुन पाइने छैन ।

(झ) प्रादेशिक महाधिवेशनले प्रादेशिक कार्यसमितिका तर्फबाट महासचिवद्वारा प्रस्तुत हुने आगामी नीति तथा कार्यक्रमसमेत समेटिएको कार्यकाले कार्यप्रगति प्रतिवेदन, कोषाध्यक्षको आर्थिक प्रतिवेदन पारित गर्नेछ ।

(ञ) महासंघलाई प्रादेशिकमा आवश्यक नीति तथा कार्यक्रमको तर्जुमा गर्नेछ ।

**६. जिल्ला शाखाको अधिवेशन**

(क) जिल्ला शाखाको अधिवेशन प्रत्येक ३ वर्षमा एकपटक हुनेछ । साथै आवश्यकताअनुसार जिल्ला भेला बोलाउन सक्नेछ ।

(ख) जिल्ला शाखाको अधिवेशन र जिल्ला भरका साधारण सदस्यहरूले भाग लिन पाउँछन् ।

(ग) जिल्ला शाखाको अधिवेशनमा जिल्लामा आबद्ध महासंघका संस्थागत सदस्य संस्थाका कार्यसमितिले सिफारिस गरेका ३/३ जना प्रतिनिधिले भाग लिन पाउनेछन् । संस्थागत सदस्य प्रतिनिधिले संस्थागत सदस्य पदमा मात्रै उम्मेदवारी दिन पाउनेछन् ।

(घ) जिल्ला अधिवेशनमा जिल्ला कार्ययोजना प्रारूप संघीय नीतिअनुरूप तयार पारिनेछ ।

(ङ) जिल्ला कार्यसमितिले जिल्ला अधिवेशनमा पारित कार्ययोजनाको मार्ग निर्देशन अनुसार विभिन्न कार्यक्रम सञ्चालन गर्नेछन् ।

(च) जिल्ला अधिवेशनले जिल्ला कार्यसमिति, संघीय प्रतिनिधि र प्रादेशिक महाधिवेशन प्रतिनिधिहरूको निर्वाचन गर्नेछ । एकै व्यक्ति संघीय प्रतिनिधि र प्रादेशिक महाधिवेशन प्रतिनिधि हुन पाउने छैन ।

(छ) जिल्ला अधिवेशनले सचिवको भावि कार्ययोजनासमेत समेटिएको सांगठनिक प्रगति प्रतिवेदन र कोषाध्यक्षको आर्थिक प्रतिवेदन पारित गर्नेछ ।

(ज) जिल्ला अध्यक्ष दुई कार्यकालभन्दा बढी हुन पाईने छैन ।

(झ) जिल्ला अध्यक्ष हुनका लागि कार्यसमितिमा एक कार्यकाल बसेको वा महासंघको सदस्य भएको ५ वर्ष पुगेको हुनुपर्नेछ । नयाँ शाखाको हकमा लागु हुने छैन ।

(ञ) संघीय प्रतिनिधि बन्नका लागि एक कार्यकाल कार्य समितिमा बसेको वा महासंघका सदस्यता लिएको ४ वर्ष पूरा भएको हुनुपर्नेछ ।

**७. विदेश शाखाका अधिवेशन**

(क) विदेश शाखाको अधिवेशन प्रत्यक ३ वर्षमा एकपटक हुनेछ । साथै आवश्यकताअनुसार जिल्ला भेला बोलाउन सक्नेछ ।

(ख) विदेश शाखाको अधिवेशनमा शाखामा आबद्ध साधारण सदस्यहरूले भाग लिन पाउेछन् ।

(ग) अधिवेशनमा विदेशमा आबद्ध संस्थागत सदस्य संस्थाका कार्यसमितिले सिफारिस गरेका ३/३ जना प्रतिनिधिले भाग लिन पाउनेछन् । संस्थागत सदस्य प्रतिनिधिले संस्थागत सदस्य पदमा मात्रै उम्मेदवारी दिन पाउनेछन् ।

(घ) विदेश शाखा अधिवेशनमा जिल्ला कार्ययोजना प्रारूप संघीय नीतिअनुरूप तयार पारिनेछ ।

(ङ) विदेश शाखा अधिवेशनले कार्यसमिति र संघीय प्रतिनिधिहरूको निर्वाचन गर्नेछ ।

(च) शाखा अधिवेशनले सचिवको भावि कार्ययोजनासमेत समेटिएको सांगठनिक प्रगति प्रतिवेदन र कोषाध्यक्षको आर्थिक प्रतिवेदन पारित गर्नेछ ।

(छ) शाखा अध्यक्ष दुई कार्यकालभन्दा बढी हुन पाईने छैन ।

(ज) अध्यक्ष हुनका लागि कार्यसमितिमा एक कार्यकाल बसेको वा महासांघको सदस्यता लिएको ५ वर्ष पुगेको हुनुपर्नेछ । नयाँ शाखाको हकमा लागु हुने छैन ।

(झ) संघीय प्रतिनिधि बन्नका लागि एक कार्यकाल कार्य समितिमा बसेको वा महासंघका सदस्यता लिएको ४ वर्ष पूरा भएको हुनुपर्नेछ ।

## १४.कार्य समितिको गठन र अवधि

(संघीय, प्रादेशिक, जिल्ला/विदेश शाखा सबैका लागि)

महासंघको संघीय, प्रादेशिक र शाखा (जिल्ला/विदेश) गरी तीन तहको संगठनात्मक संरचना हुनेछ । महासंघका सबै तहका कार्यसमितिहरू निर्वाचित हुनेछन् ।

जिल्ला र विदेश शाखा : महासंघको जिल्ला शाखा र विदेश शाखा हुनेछन् । शाखाहरूलाई व्यवस्थित गर्न निर्वाचित कार्य समिति हुनेछन् ।

(क) शाखाहरूको अधिवेशनमा सहमति वा गोप्य मतदानबाट देहाय बमोजिमको १३ सदस्यीय कार्यसमिति चयन हुनेछ ।

| | |
|---|---|
| अध्यक्ष | १ |
| उपाध्यक्ष | १ |

सचिव १
सहसचिव १ (महिला अनिवार्य)
कोषाध्यक्ष १
सदस्य ८ (महिला २, संस्थागत २, अल्पसंख्यक १, खुला ३)

(ख) महिला र अल्पसंख्यक नरहेका र संस्थागत सदस्य संस्था आबद्ध नभएका शाखामा सबै पदलाई खुलामा राखेर कार्यसमितिको चयन गरिनेछ ।

प्रादेशिक समिति : महासंघको संघीय प्रादेशिक समिति गठन गरिने छ । प्रादेशिक समिति संघीय समितिको निर्णयअनुसार गठन गरिने छ । प्रादेशिक संख्या थपघट भएमा महासंघको प्रादेशिक संरचनामा पनि परिवर्तन आउनेछ । प्रादेशिक समितिहरूलाई व्यवस्थित गर्न निर्वाचित कार्य समिति हुनेछन् ।

(क) प्रादेशिक महाधिवेशनबाट सहमति वा गोप्य मतदानबाट देहाय बमोजिमको २१ सदस्यीय कार्यसमिति चयन हुनेछ । प्रादेशिक समिति कार्यकारी हुनेछ ।

अध्यक्ष १
उपाध्यक्ष २ (१ महिला)
महासचिव १
सचिव २ (संगठन, १ संस्थागत)
कोषाध्यक्ष १
सदस्य १४ (खुला ४, महिला ३, संस्थागत ६, अल्पसंख्यक १)

(ख) प्रदेश समितिमा ६ भन्दा बढी संस्थागत सदस्य संस्था आवद्ध भएको हकमा सोही बमोजिम प्रादेशिक समितिको संख्या बढ्नेछ । त्यसरी संख्या थपिदा जोर सख्याको समिति हुने अवस्था देखिएमा १ जना प्रादेशिक समितिले मनोनयन गर्ने गरी प्रोदशिक समितिको संख्या विजोर बनाउनुपर्नेछ ।

(ग) प्रादेशिक महाधिवेशनका लागि विधानअनुसार चयन भएका प्रादेशिक महाधिवेशन प्रतिनिधिहरूले मात्रै मतदान गर्न पाउनेछन् ।

(घ) प्रादेशिक समितिका कुनै पनि पदाधिकारी तथा सदस्यहरू अन्य समितिहरूमा रहन सक्ने छैनन् ।

(ङ) प्रादेशिक समितिले प्रदेशमा आवश्यक पर्ने कार्यक्रमहरू तय गर्नेछ । प्रदेशभरका फोनिजका सबै प्रकारको सदस्यहरूको अभिलेख राख्नेछ ।

(च) प्रादेशिक समितिले संघ र शाखाहरूबीचको समन्वयको काम गर्नेछ ।

(छ) महासंघको उद्देश्यपूर्तिका लागि प्रदेश अनुकुल कार्यक्रमहरू तय गरी अगाडि बढ्नेछ ।

संघीय समितिको गठनः महासंघको उद्देश्य पूर्तिका लागि संघीय समिति हुनेछ ।

(क) सहमति वा गोप्य मतदानबाट तत्काललाई देहाय बमोजिमको कम्तिमा ३७ सदस्यीय संघीय समिति निर्वाचित गरिनेछ ।

| | |
|---|---|
| अध्यक्ष | १ |
| नि. अध्यक्ष | १ |
| उपाध्यक्ष | ३ (वरिष्ठ १, खुला १, महिला १) |
| महासचिव | १ |
| सचिव | ३ (संगठन १, संस्थागत १, अल्पसंख्यक १) |
| कोषाध्यक्ष | १ |
| सहकोषाध्यक्ष | १ (गरी ११ सदस्यीय पदाधिकारी) |

सदस्यहरू,

प्रादेशिक ईन्चार्ज (संघीय सदस्य) (प्रत्येक प्रदेशबाट १/१)

संस्थागत ८ (एक संस्थागत सदस्य बराबर संस्था एक सदस्य)

| | |
|---|---|
| सदस्यहरू खुला | ५ |
| महिला | ४ |
| अल्पसंख्यक | २ |

(ख) संघीय समितिमा ८ भन्दा बढी संस्थागत सदस्य संस्था आवद्ध भएको र प्रदेशको संख्या घटबढ भएको हकमा सोही बमोजिम संघीय समितिको संख्या थपघट हुनेछ । त्यसरी संख्या थपिँदा जोर संख्याको समिति हुने अवस्था देखिएमा १ जना संघीय समितिले मनोनयन गर्ने गरी संघीय समितिको संख्या विजोर बनाउनुपर्नेछ ।

## १५. कार्य समितिको बैठक र भेला

### (१) कार्यसमितिको बैठक

(क) अध्यक्षको निर्देशानुसार संघीय समितिको कम्तीमा ४ महिना भन्दा बढी अवधिको फरक नपर्ने गरी वर्षभरीमा कम्तिमा ३ पटक, प्रादेशिक समिति र शाखा समितिको कम्तीमा ३ महिनाभन्दा बढी अवधिको फरक नपर्ने गरी वर्षभरीमा ४ पटक बस्नेछ । पहिलो पटक डाकिएको बैठकमा बैठक सञ्चालनका लागि कूल कार्यसमितिको सदस्य संख्याको आधारमा बहुमत (५१ प्रतिशत) हुनुपर्नेछ र साधारण बहमुत नपुगेमा दोस्रोपटक डाकेको बैठकमा बैठक सञ्चालनका लागि कूल सदस्यको ४० प्रतिशत भए पुग्नेछ । त्यसैगरी दोस्रो बैठकमा ४० प्रतिशत नपुगेमा बैठकमा उपस्थितहरूमध्यबाट बैठक सञ्चालन र निर्णय गर्न सक्नेछ ।

(ख) उपदफा (क) बमोजिम बैठक नबसेमा अध्यक्षको निर्देशनअनुसार म्याद पुगेको अर्को महिनाभित्र बैठक बस्नु पर्नेछ ।

(ग) उपदफा (ख) बमोजिम बैठक नबोलाएमा कार्यसमितिका एक तृतियांश सदस्यहरूले हस्ताक्षरसहित आग्रहमा बैठक बोलाउन सकिनेछ ।

(घ) कार्य समितिको बैठकका लागि कम्तिमा सातदिन अगावै कार्यसमितिका सदस्यहरूलाई बैठक बस्ने स्थान, समय तथा मितिसमेत खुलाई छलफल हुने विषय सूचीसहितको परिपत्र पठाउनु पर्नेछ । तर आकस्मिक बैठक बोलाउनको लागि कम्तिमा ४८ घन्टाअगावै उपरोक्त बिवरण खुलाई कुनै माध्यमबाट सूचना दिन पर्याप्त मानिनेछ । तर यो सचिवालयको बैठकको हकमा लागू हुने छैन ।

(ङ) कार्य समितिको बैठकमा कुनै पदाधिकारी वा सदस्यहरू विना उचित कारण ३ पटकसम्म अनुपस्थिति रहेमा स्वतः पदमुक्त हुनेछ । तर, अनुपस्थितिको चितबुझ्दो स्पस्टीकरण पेश गरेमा अध्यक्षले महासङ्घको कार्य गर्न कुनै बाधा नभएमा पुनः पद वहाली गर्न सक्नेछ ।

**२ प्रादेशिक भेला**

(क) प्रादेशिक समितिहरूको तीन वर्षमा एक पटक प्रादेशिक भेला हुनेछ । प्रादेशिक भेलाले प्रादेशिक समितिको नीति निर्माण, कार्य समीक्षा तथा कार्यक्रम तय गर्नेछ ।

(ख) प्रादेशिक भेलामा प्रादेशिक समितिका पदाधिकारी तथा सदस्यहरू, प्रादेशिकमा रहेका शाखाका अध्यक्ष र सचिव, संस्थागत सदस्य संस्थाको प्रादेशिक समितिले निर्णयगरी सिफारिस गरेका २/२ जना प्रतिनिधि सहभागी हुनेछन् ।

(ग) प्रादेशिक भेलाले प्रादेशिक महासचिवको संगठनात्मक प्रतिवेदन र कोषाध्यक्षको आर्थिक प्रतिवेदन पारित गर्नेछ ।

१६. **कार्यसमितिको काम कर्तव्य र अधिकार** (**संघ, प्रादेशिक र शाखा सबैका लागि**)
कार्य समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

१. संस्थाको आगामी वर्षको कार्यक्रम तथा अनुमानित बजेट बनाई साधारण सभामा प्रस्तुत गर्ने ।
२. विधान बमोजिमको व्यवस्था पालना गरी साधारण सभाको निर्णय कार्यान्वयन गर्ने गराउने ।
३. संस्थाको हितमा हुने कार्यक्रमहरू सञ्चालन गर्ने ।
४. साधारणसभाप्रति उत्तरदायी रहने ।
५. संस्थाको उद्देश्य प्राप्तीका लागि उपलब्ध साधन र स्रोतको अधिकतम उपभोग र प्रयोग गर्ने ।

६. संस्थाको कार्य सम्पादन गर्न कार्ययोजना बनाउने, स्रोत जुटाउने, कार्यन्वयन, सुपरिवेक्षण र अनुगमन गर्ने ।
७. संस्थाको कोष र सम्पत्ति सुरक्षित तरिकाले राख्न लगाउने र बैंक खाता खोली सञ्चालन गर्ने ।
८. संस्थाको कर्मचारीको सेवा शर्त र सुविधा आदि सम्बन्धी कर्मचारी नियमावली बनाई साधारण सभाबाट स्वीकृत गराई लागू गर्ने गराउने ।
९. संस्थाको उद्देश्य परिपूर्तिका लागि आफ्नो कार्य अवधिमा उपयुक्त व्यक्तिहरूको सल्लाहारका समितिका अन्य समिति र उपसमिति गठन गर्ने र आवश्यकताअनुरूप कार्यको बाँडफाँड गरिदिने ।
१०. संस्थाको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।
(११) संघको हकमा संघीय महाधिवेशन, प्रदेशको हकमा प्रादेशिक महाधिवेशन र शाखाको हकमा शाखा अधिवेशनद्वारा पारित प्रस्तावहरू कार्यान्वयन गर्ने, गराउने ।
१२. चल अचल सम्पत्ति प्राप्त गर्ने वा कुनै प्रकारबाट आफ्नो सम्पत्ति उपरको हक हस्तान्तरण गर्ने ।
१३. कुनै व्यक्ति वा संघ संस्थासँग प्रचलित कानून बमोजिम महासंघको प्रतिनिधिले गरेको सन्धी संझौताको अनुमोदन तथा कार्यान्वयन गर्ने गराउने ।
१४. अन्तर्राष्ट्रिय सम्मेलन सेमिनार बैठक, अन्तर्राष्ट्रिय सम्मेलन, सेमिनार, बैठक, तालिम, अनुसन्धान तथा अध्ययन भ्रमणमा भाग लिन प्रतिनिधि छनौट गर्ने, गराउने ।
१५. कारणवस अध्यक्षको पद रिक्त हुन आएमा कार्यसमितिले कार्यसमिति भित्रैबाट बाँकी पदावधिको लागि अध्यक्षको चयन गरी पदपूर्ति गर्ने ।
१६. कुनै कारणवश कार्यसमितिको पदाधिकारी वा पदाधिकारीको पद रिक्त हुन आएमा कार्यसमितिले कार्यसमिति भित्रबाट बाँकी अवधिको लागि छनौट गरी पदपूर्ति गर्ने ।
(१७) संघको हकमा आवश्यक परेमा विधानको व्याख्या गर्ने ।
(१८) जिल्ला शाखामा कुनै प्रकारको विवाद उत्पन्न भए केन्द्रले प्रादेशिक समितिले तोकेको व्यक्तिले मिलाउनेछ । यदि विवाद समाधान हुन नसके प्रादेशिक समितिको सिफारिसम संघीय समितिले आवश्यक हस्तक्षेप गर्न सक्नेछ ।
१७. पद त्याग गर्न सक्ने :- अध्यक्षले उपाध्यमार्फत कार्य समिति समक्ष र उपाध्यक्ष तथा अन्य पदाधिकारीहरूले अध्यक्ष समक्ष राजिनामा दिई पद त्याग गर्न सक्नेछन् ।

## १७. अन्य समितिहरु

१. यस विधानको परिधिभित्र रहेर संस्थाको कार्य सञ्चालनका लागि कार्य समितिले आवश्यकताअनुसार अन्य समिति वा उप-समितिहरू गठन गर्न सक्नेछ । तर, साधारणसभाको बैठकद्वारा अनुमोदन गराउनुपर्नेछ ।

(क) सल्लाहकार समिति : महासङ्घलाई आवश्यक सरसल्लाह प्रदान गर्नका लागि सल्लाहकार समिति गठन गरिनेछ । सल्लाहकारहरू बढीमा १५ जनासम्म चयन गर्न सकिनेछ । सल्लाहकार समिति केन्द्रीय समितिको पहिलो बैठकले चयन गर्नेछ ।

(ख) लेखा समिति : महासङ्घको सम्बन्धित तहको कोष, अर्थ तथा वित्त सम्बन्धी कारोबारको जाँच गर्न सर्वाधिकार सम्पन्न लेखा परिक्षण समिति गठन गर्नेछ । १ संयोजक र २ सदस्य गरी ३ सदस्यीय लेखा समिति हुनेछ । समिति महाधिवेशनबाटै चुनिनेछ ।

(ग) अनुशासन समिति : महासङ्घको अनुशासन र मर्यादा कायम गर्नका निम्ति एक अनुशासन समिति रहनेछ । १ संयोजक र २ सदस्य गरी ३ सदस्यीय अनुशासन समिति हुनेछ । अनुशासन समिति केन्द्रीय कार्यसमितिको पहिलो बैठकले चयन गर्नेछ ।

२. उपसमितिहरूको कार्यहरू कार्य समितिले तोकिदिए बमोजिम हुनेछ ।

## १८. पदाधिकारीको काम, कर्तव्य र अधिकार (संघ, प्रादेशिक र शाखाहरू)

(१) अध्यक्ष

(क) बैठकको अध्यक्षता गर्ने ।

(ख) महासङ्घको काम कारवाहीको पूर्ण रूपमा जिम्मेवारी लिने या अधिकारको प्रत्यायोजन गर्ने ।

(ग) केन्द्रको हकमा महाधिवेशन र जिल्लाको हकमा अधिवेशनद्वारा गरिएका निर्णयहरू कार्यान्वयन गर्ने, गराउने ।

(घ) महासङ्घको सम्पूर्ण सम्पतिको संरक्षण गर्ने, रेखदेख गर्ने र नियन्त्रण गर्ने ।

(ङ) सचिवालयको स्वीकृति लिई कुनै कर्मचारीलाई नियुक्ति गर्ने वा पदबाट हटाउने ।

(च) महासङ्घको हित हुने आवश्यक अन्य कार्य गर्ने ।

(छ) कार्य समितिको बैठक नबसेको बखत आवश्यक निर्णय गर्ने तर निर्णयहरू कार्यसमितिको बैठकमा जानकारी गराई अनुमोदन गराउनुपर्ने ।

(ज) महासङ्घको पदाधिकारीका साथै कर्मचारीलाई नीति निर्देशन दिने ।

(झ) कार्यसमितिलाई सुचारू रूपले सञ्चालन गर्न समितिका पदाधिकारीभित्रबाटै

विभिन्न उपसमिति गठन गरी उक्त समितिको संयोजक सहितको बढीमा सात सदस्य रहेको उपसमिति गठन गरी कार्य सञ्चालन गर्न सक्ने ।

(ञ) संस्थाको हितका निमित्त आवश्यकताअनुसार निर्णय गरी कार्यान्वयन गर्ने गराउने ।

(ट) कुनै व्यक्तिगत काम विशेषले एक महिनाभन्दा बढी समय स्वदेश वा विदेशमा रहनुपर्ने अवस्था भएमा आफ्नो कार्यभार लिखित रूपमा उपाध्यक्षलाई सुम्पनुपर्ने र एवम् प्रकारले अन्य पदाधिकारीहरूको हकमा पनि लागु हुनेछ ।

(२) निवर्तमान अध्यक्ष

क) संस्थाको संरक्षकको भूमिका निर्वाह गर्ने ।

ख) संस्थाको हितका लागि अध्यक्ष वा कार्य समितिलाई आवश्यक सल्लाह तथा निर्देशन दिने ।

ग) संस्थाको दीर्घकालीन नीति तथा कार्यक्रम निर्माणमा प्रमुख भूमिका निर्वाह गर्ने ।

(३) बरिष्ठ उपाध्यक्ष र उपाध्यक्षहरू

(क) अध्यक्ष वा कार्यसमितिको निर्देशनअनुसार कार्य गर्ने ।

(ख) अध्यक्षको कार्यहरू मध्येबाट निजले लिखित रूपमा प्रत्यायोजित गरे बमोजिमको कार्य गर्ने ।

(ग) महासंघको हितको निमित्त बैठकले निर्णय गरेअनुसार आवश्यक अन्य काम गर्ने ।

(घ) वरिष्ठ उपाध्यक्षले अध्यक्षको अनुपस्थितिमा निजबाट गर्नुपर्ने कामहरू गर्नुपर्नेछ ।

(ङ) संघ र प्रदेशका महिला उपाध्यक्षले सोही समितिले आवश्यकताअनुसार गठन गरेका विभागको प्रमुख हुनेछ ।

(च) प्रदेश र जिल्ला शाखामा अध्यक्षको अनुपस्थितिमा निजबाट गर्नुपर्ने काम उपाध्यक्षले गर्नुपर्नेछ ।

(४) महासचिव

(क) अध्यक्षको निर्देशनअनुसार कार्यसमिति र महाधिवेशनको बैठक बोलाउने ।

(ख) कार्य समितिको कार्यालयको दैनिक एवम् प्रशासकीय कार्यको सञ्चालन, निर्देशन एवम् नियन्त्रण गर्ने ।

(ग) कार्यसमितिको प्रेस विज्ञप्ती तयार पारी जारी गर्ने ।

(घ) कार्यसमितिमा वार्षिक प्रतिवेदन तथा आगामी वर्षको कार्यक्रम पेश गर्ने ।

(ङ) कार्य समितिको बैठक सञ्चालन गर्ने ।

(च) कार्य समिति वा अध्यक्षले दिएको निर्देशनबमोजिम कार्य गर्ने ।

(छ) कार्य समितिको बैठक पुस्तिकाको अभिलेख दुरूस्त राख्ने ।
(ज) महासचिव महासङ्घको संगठन प्रमुख हुनेछ ।
(५) सचिवहरू
बिभिन्न विभागीय प्रमुखको जिम्मेवारीसहित ३ जना सचिव हुनेछन् । सचिवहरूको काम, कर्तव्य र अधिकार निम्न बमोजिम हुनेछ ।
(क) महासचिवसँगको परामर्शमा महासङ्घको संगठनसम्बन्धि सम्पूर्ण काम संगठन सचिवले हेर्नेछ ।
(ख) महासचिवको अनुपस्थितिमा महासचिवको संगठन सचिवले कार्यभार बहन गर्ने ।
(ग) महासचिवको कार्यहरूमध्येबाट निजले लिखित रूपमा प्रत्यायोजित गरे बमोजिमको कार्य गर्ने ।
(घ) अल्पसंख्यक सचिव अल्पसख्यक विभाग प्रमुख हुनेछ ।
(ङ) संस्थागत सचिव संस्थागत सदस्य संस्थाहरूलाई समेटेर बन्ने विभागको प्रमुख हुनेछ ।
(च) सबै सचिवहरूले केन्द्रीय समितिले बेलाबेलामा तोकेका जिम्मेवारीहरू पुरा गर्ने ।
(छ) महासचिवको कार्यहरूमध्येबाट निजले लिखित रूपमा प्रत्यायोजित गरे बमोजिमको कार्य गर्ने ।
(ज) शाखाको हकमा महासचिवले गर्नुपर्ने काम सचिव र सचिवले गर्नुपर्ने काम सहसचिवले गर्नुपर्नेछ ।
(६) कोषाध्यक्ष
क) कार्यसमितिले निर्धारित गरेबमोजिम महासङ्घको हिसाव किताव दुरूस्त राख्ने ।
ख) आर्थिक विवरण कार्य समितिमा पेश गर्ने ।
ग) आर्थिक प्रशासनसम्वन्धी सबै विषयहरूको जिम्मेवारी लिने ।
घ) महासङ्घको कोष राखिएको बैक खाता कार्यसमितिले निर्णय गरेअनुसार अध्यक्ष र महासचिवमध्ये कुनै एकसँगको संयुक्त हस्ताक्षरमा सञ्चालन गर्ने ।
ङ) लेखा परीक्षणको लागि महासङ्घको हिसाव किताव विवरण तयार पार्ने र लेखा परीक्षण कार्यमा सहयोग गर्ने ।
च) महासङ्घको आर्थिक प्रतिवेदन महाधिवेशन, विधान/साधारणसभा, केन्द्रीय समिति बैठकमा पेश गर्ने ।
(७) सह कोषाध्यक्ष
क) कोषाध्यक्षको अनुपस्थितिमा निजले गर्नुपर्ने काम गर्ने ।

ख) कोषाध्यक्षले प्रत्यायोजन गरेको अधिकार कार्यान्वयन गर्ने ।

(८) प्रादेशिक इन्चार्ज

(क) प्रादेशिक समिति र संघीय समितिबीच समन्वयात्मक भूमिका निर्वाह गर्ने ।

(ख) प्रादेशिक समितिका अध्यक्षसँगको समन्वयमा प्रादेशिक गतिविधिहरूमा सहभागीता जनाउने ।

(ग) प्रदेश तथा जिल्लाको अनुगमन तथा सुपरिवेक्षणका काममा खट्ने ।

(घ) संस्थाको नीति, निर्देशन तथा कार्यसमितिको निर्देशनअनुसार काम गर्ने ।

(ङ) महासङ्घको हितको निमित्त बैठकले निर्णय गरेअनुसार आवश्यक अन्य काम गर्ने ।

(८) सदस्य

क) कार्य समितिको बैठकले तोकेको कार्य गर्ने ।

ख) संस्थाको नीति र अध्यक्षको निर्देशनमा रही कार्य गर्ने ।

## १९. गणपुरक संख्या

१. कुल सदस्य संख्याको ६० प्रतिशत साधारण सदस्यहरू उपस्थित नभई साधारणसभाको काम कारबाही हुने छैन ।

२. तर, विधानको दफा ११ को (५) मा उल्लेख भए बमोजिम पुनः बोलाईएको साधारण सभामा कुल संस्थापक संख्याको ५१ प्रतिशत उपस्थित भएमा सभ ागर्न बाधा पर्ने छैन ।

# परिच्छेद-६

आर्थिक व्यवस्था

## २०. संस्था (महासंघ)को कोष

१. संस्थाको आफ्नो एउटा छुट्टै कोष हुनेछ । र सो कोषमा देहाय बमोजिम प्राप्त रकमहरू जम्मा हुनेछन् ।

(क) सदस्यता बापत प्राप्त शुल्क र सदस्यता शुल्कको रकम ।

(ख) कसैले स्वेच्छाले दिएको अनुदान, सहायता बापत प्राप्त रकम ।

(ग) संस्थाको चल अचल सम्पत्ति वा अन्य वस्तुको विक्रिबाट प्राप्त रकम ।

(घ) विदेशी संस्था, व्यक्ति वा अन्तर्राष्ट्रिय संघ संस्थाबाट सहयोग बापत प्राप्त रकम ।

(ङ) स्थानीय निकायबाट प्राप्त अनुदान वा सहयोग बापत प्राप्त रकम ।

२. विदेशी संघ संस्था वा व्यक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिने भए संस्थाले नेपाल सरकार अर्थमन्त्रालयबाट स्वीकृत लिईनेछ ।

३. संस्थामा प्राप्त रकम स्थनीय बैंकमा जम्मा गरी बैंक खाता सञ्चालन गरिनेछ ।

## २१. खाता सञ्चालन

संस्थाको बैंक खाता अध्यक्ष र कोषाध्यक्ष (अनिवार्य)को संयुक्त दस्तखतबाट खाता सञ्चालन हुनेछ । प्रचलित ऐन नियम अनुसार खर्च गर्ने तथा खर्चको श्रेस्ता राख्ने व्यवस्था गरिनेछ ।

## २२. कोषको रकम खर्च गर्ने तरिका

संस्थाको कोषमा जम्मा भएको रकम खर्च गर्दा देहाय बमोजिमको तरिका अपनाई खर्च गरिनेछ ।

(क) संस्थाको वार्षिक बजेट योजना र कार्यक्रम स्वीकृत नगरी कोषबाट रकम खर्च गर्न सकिने छैन ।

(ख) साधारण सभाबाट पारित बजेट र कार्यक्रमको अधिनमा रही कोषबाट रकम खर्च गर्न सक्नेछ ।

(ग) कोषबाट खर्च भएको रकमको आर्थिक प्रतिवेदन साधारण सभामा अनिवार्य रूपले पेश गर्नुपर्नेछ ।

(घ) कोषको रकम खर्च गर्दा तोकिए बमोजिम खर्च गर्नुपर्नेछ ।

## २३. संस्थाको लेखा र लेखा परिक्षण

१. संस्थाको आय व्ययको लेखा प्रचलित कानून बमोजिम स्पष्ट तवरले राखिनेछ ।

२. संस्थाको लेखा परिक्षण प्रचलित कानून बमोजिम रजिष्टर्ड लेखा परिक्षकबाट हुनेछ ।

३. नेपाल सरकार वा स्थानीय अधिकारीले चाहेमा जुन सुकै बखतमा पनि आफै वा मातहतका कर्मचारीहरू खटाई संस्थाको हिसाब किताब जाँच गर्न गराउन सक्नेछ ।

४. लेखा परिक्षकको नियुक्ति साधरसभाबाट हुनेछ । तर, प्रथम वार्षिक साधारण सभा नभएसम्म लेखा परिक्षकको नियुक्ति कार्य समितिबाट हुनेछ ।

५. संस्थाको लेखा परिक्षण प्रतिवेदन र वार्षिक कार्य प्रगति विवरणको एक/एक प्रति स्थानीय अधिकारी, जिविस, समाज कल्याण परिषद र सम्बन्धित निकायमा पेश गर्नुपर्नेछ ।

## परिच्छेद-७

निर्वाचन, अविश्वासको प्रस्ताव, विधान संशोधन सम्बन्धी व्यवस्था

### २४. निर्वाचन सम्बन्धी व्यवस्था

१. कार्य समितिको निर्वाचन प्रयोजनका लागि बढीमा ३ जनाको एक निर्वाचन समिति कार्य समितिको सहमतिद्वारा गठन गरिनेछ ।

२. निर्वाचन समितिले प्रचलित कानूनको परिधिभित्र रहेर निर्वाचन कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

३. निर्वाचन सम्बन्धी विवाद उत्पन्न भएमा विवादको टुंगो निर्वाचन समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

४. निर्वाचन सम्पन्न भएको भोलीपल्ट निर्वाचन समिति स्वतः विघटन हुनेछ ।

### २५. उम्मेदवार हुने योग्यता

कार्य समितिको उम्मेदवार हुन देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्नेछ ।

(क) विधानतः योग्य व्यक्ति उम्मेदवार हुन सक्नेछ ।

(ख) साधारण सदस्यता नवीकरण भएको हुनुपर्नेछ ।

(ग) कम्तीमा २ वर्ष साधारण सदस्य हुनुपर्ने ।

### २६. अविश्वासको प्रस्ताव

१. अविश्वासको प्रस्ताव लिखित रूपमा कुन कुन पदाधिकारीको विरूद्धमा हो स्पष्ट खुलाई देहाय बमोजिमको रित पुऱ्याई संस्थामा दर्ता गर्नुपर्नेछ ।

(क) नेपाली भाषामो शिष्ट शब्दको प्रयोग गरी लेखिएको हुनुपर्छ ।

(ख) प्रस्तावको विषय स्पष्ट र व्यवहारिक हुनुपर्छ ।

(ग) साधारण सदस्यहरूमध्येबाट कम्तिमा १/४ (एक चौथाई) सदस्यको स्पष्ट नाम र ठेगानासमेत खुलाई सहि भएको हुनुपर्छ ।

२. उपदफा १ बमोजिम संस्थामा दर्ता भएको अविश्वास प्रस्तावको स्पष्ट विषय खुलाई साधारण सभा वा विशेष साधारण सभा बस्ने स्थान, मिति, समयसमेत तोकी संस्थाको साधारण सभाका सम्पूर्ण पदाधिकारी र सदस्यहरूलाई विधानको दफा ११(४) बमोजिम साधारण सभा वा विशेष साधारण सभा बस्ने सूचना दिईनेछ ।

३. अविश्वासको प्रस्तावमाथि छलफल प्रक्रिया

(क) साधारणसभामा अध्यक्षता गर्ने व्यक्तिले साधारण सभामा उपदाफा १ बमोजिमको प्रस्ताव पेश गर्ने अनुमति दिनेछ । र प्रस्ताव पेश गर्ने

सदस्यहरूमध्ये १ जनाले अविश्वासको प्रस्ताव ल्याउनुपर्ने कारण सहितको आफ्नो अभिमत सभा समक्ष प्रस्तुत गर्नेछ ।

(ख) उपदफा ३(क) बमोजिम अविश्वासको प्रस्ताव, पक्षका सदस्यले आफ्नो अभिमत प्रस्तुत गरेपछि सो प्रस्ताव उपर मत प्रकट गर्न चाहाने बढीमा अन्य ३ जना सदस्यहरूलाई अध्यक्षले अभिमत प्रकट गर्न अनुमति दिन सक्नेछ ।

(ग) उपदफा १ बमोजिम अविश्वासको प्रस्ताव जुन पदाधिकारीहरू विरूद्ध प्रस्तुत गरिएको हो अध्यक्षता गर्ने व्यक्तिले ती पदाधिकारीहरूलाई आफ्नो सफाय पेश गर्ने मौकाका लागि आफ्नो भनाईहरू राख्न अनुमति दिईनेछ ।

४. अविश्वासको प्रस्तावमाथि निर्णय

१. अविश्वासको प्रस्ताव उपर आफ्नो भनाई प्रस्तुत गर्ने क्रम समाप्त भएपछि अध्यक्षता गर्ने व्यक्तिले सो अविश्वासको प्रस्तावको बहुमत पक्ष वा विपक्षमा छ भन्ने निर्णयको लागि देहाय बमोजिमको कुनै एक तरिका अपनाई अविश्वासको प्रस्तावको निर्णयको घोषणा गर्नेछ ।

(क) अविश्वासको प्रस्तावको पक्षमा मत प्रकट गर्ने एक समूहमा वा विपक्षमा मत प्रकट गर्ने अर्को समूहमा छुट्याएर वा

(ख) साधारण सभाका सदस्यहरूलाई अविश्वासको प्रस्तावको पक्ष र विपक्षमा गोप्य मतदान गराएर ।

२. साधारण सभाको कुल सदस्य संख्याको २/३ (दुई तिहाई) बहुमतले अविश्वासको प्रस्ताव पारित हुनेछ । त्यस्तो प्रस्ताव पारित भएमा प्रस्तावित पक्षका व्यक्तिहरू पदमुक्त हुनेछन् ।

३. निर्वाचित भएको ६ महिना नपुगी वा प्रस्ताव विफल भएको ६ महिना नपुगी त्यस्तो व्यक्ति उपर पुनः अविश्वासको प्रस्ताव ल्याउन पाइने छैन ।

## २७. विधान संशोधन

कुल सदस्य संख्याको २/३ (दुई तिहाई) साधारण सदस्यहरूले अनुमोदन गरे पश्चात मात्र संस्थाको कुनै दफा संशोधन वा खारेजका लागि स्थानीय अधिकार समक्ष सिफारिस गरी पठाउनुपर्नेछ । स्थानीय अधिकारीबाट स्वीकृति भए पश्चातमात्र संस्थाको कुनै दफा संशोधन वा खारेज भएको मानिनेछ ।

## २८. नियम बनाउने

१. संस्थाले आफ्नो कार्य सम्पादन गर्ने सन्दर्भमा आवश्यक नियम बनाउन सक्नेछ र सो नियम साधारण सभाबाट पारित गराई लागू हुनेछ । र स्थानीय अधिकारीलाई सोको जानकारी दिनुपर्नेछ ।

२. यो विधान र विधान अन्तर्गत बनेको नियमको अधिनमा रही संस्थाको कार्य सञ्चालन र उद्देश्य कार्यान्वयनका लागि कार्य समितिले कर्मचारी व्यवस्था र आर्थिक प्रशासन सम्बन्धी विनियम बनाई लागू गर्न सक्नेछ । त्यस्तो विनियमहरू साधरण सभाबाट अनुमोदन गराउनुपर्नेछ ।

**२९. कर्मचारीको व्यवस्था**

(क) संस्थाको दैनिक कार्य सञ्चालन र योजना तथा कार्यक्रम सञ्चालनका लागि कर्मचारी दरबन्दी सिर्जना, पारिश्रमिक, भत्ता तथा अन्य सुविधा र कर्मचारीको सेवा शर्तहरू अपनाउनुपर्ने कार्यविधि तोकिए बमोजिम हुनेछ ।

(ख) संस्थाले विदेशी सहयोग प्राप्त गरी संस्थाले सञ्चालन र कार्यन्वयन गर्ने विदेशी सल्लाहारका वा स्वयम सेवक राख्ने अवस्थामा निजले काम गर्ने अवधि पुऱ्याउने सेवा, कमको औचित्य, सुविधा र तिनको योग्यता समेतको विवरण स्थानीय अधिकारी, जिल्ला विकास समिति र समाज कल्याण परिषद्मा समेत जानकारी गराइनेछ ।

**३०. संस्था खारेजी**

१. साधारणसभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी संस्था खारेज गर्न सक्नेछ ।

२. उपदफा १ बमोजिम खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको कामका लागि एक वा एक भन्दा बढी लिक्विडेटरहरू र संस्थाको हिसाब किताव गर्नका लागि एक वा एक भन्दा बढी लेखा परिक्षकहरू नियुक्त गर्न सक्नेछ ।

३. उपदफा २ बमोजिम नियुक्त लिक्विडेटर र लेखा परिक्षकहरूको पारिश्रमिक साधारण सभाले तोकिदिए बमोजिम हुनेछ ।

४. यसरी कारणबस संस्था विघटन भई खारेज भएमा संस्थाको दायित्वको फरफारक गरी बाँकी रहने सम्पूर्ण जायजेथा नेपाल सरकारको हुनेछ ।

**३१. व्याख्या**

यो विधान र विधान अन्तर्गत बनेको नियम, विनियमको व्याख्या गर्ने अधिकार कार्य समितिलाई हुनेछ ।

**३२. गोप्यता भंग गर्न नहुने**

यस संस्थाका कुनै पनि पदाधिकारी वा सदस्यले संस्थाको अहित हुने कार्य गरी गोप्यता भंग गर्नु हुँदैन । कार्य समितिका पदाधिकारी वा साधारण

सभाका सदस्यहरूले बैठक वा साधारण सभामा असभ्य वा अश्लिल शब्दको प्रयोग गर्न पाइने छैन ।

## ३३. ऐन अनुसार हुने

यस विधानमा उल्लेख नभएका कुराहरू कानून बमोजिम हुनेछ र संस्था दर्ता ऐन, नियम र प्रचलित कानूनसँग बाँझिन गएमा बाँझिएको हदसम्म स्वतः निस्कृय हुनेछ ।

## ३४. निर्देशनको पालना

नेपाल सरकार वा स्थानीय अधिकारीले समय समयमा दिएको निर्देशनको पालना गर्नु संस्थाको कर्तव्य हुनेछ ।

## ३५. तदर्थ कार्य समिति

१. यो संस्था स्थापना गरी दर्ता गराउनका लागि गठित तदर्थ कार्य समितिले ६ महिनाभित्र साधारण सभा बोलाईन विधान बमोजिमको निर्वाचन समितिको गठन गरी नयाँ कार्य समितिको निर्वाचन गराउनेछ र सोको जानकारी स्थानीय अधिकारीलाई दिईनेछ ।

२. प्रथम पटक निर्वाचन सम्पन्न नभएसम्मको अवस्थामा तदर्थ समितिले गरेका काम कारबाहीहरू यसै विधान सरह मानिनेछ ।

## ३६. परिशिस्टाङ्कहरु

१. परिशिष्ट-क अनुसूची-१ (दफा २ को खण्ड (ख) सँग सम्वन्धित

(१) किसान (२) कुमाल (३) कुशवाडिया (४) कुसुण्डा (५) गनगाई (६) गुरूङ (७) चेपाङ्ग (८) छन्त्याल (९) छैरोतन (१०) जिरेल (११) झाँगड (१२) डोल्पो (१३) ताङ्वे (१४) ताजपुरिया (१५) तामाङ्ग (१५) तिन गाँउले थकाली (चिमतन, ठिनतन र स्यागतन) (१७) तोप्केगोला (१८) थकाली (१९) थामी (२०) थारू (२१) थुदाम ((२२) दनुवार (२३) दराई (२४) दुरा (२५) धानुक (राजवंशी) (२६) धिमाल (२७) नेवार (२८) पहरी (२९) फ्रि (३०) बनकरिया (३१) बराम (३२) बाह्र गाउँले (३३) बोटे (३४) भुजेल (घर्ती (३५) भोटे (३६) मगर (३७) माझी (३८) मार्फाली (थकाली) (३९) मुगाली (४०) मेचे (४१) याक्खा (४२) राई (४३) राउटे (४४) राजवंशी (कोच) (४५) राजी (४६) लार्के (४७) लिम्बु (४८) लेप्चा (४९) ल्होपा (५०) ल्होमी (शिङ्सावा) (५१) वालुङ (५२) व्यासी (५३) शेर्पा (५४) सतार (सन्थाल) (५५) सियार (५६) सुनुवार (५७) सुरेल (५८) हायू (५९) ह्योल्मो ।

परिशिष्टांक (ख) (दफा २ को (ख) सँग सम्बन्धित)
(१) माझी २) सियार ३) ल्हामी ४) थुदाम ५) धानुक ६) चेपाङ ७) सन्थाल ८) झागड ९) थामी १०) बोटे ११) दनुवार १२) बराम १३) कुसुण्डा १४) बनकरिया १५) राउटे १६) सुरेल १७) हायु १८) राजी १९) किसान २०) लेप्चा २१) मेचे २२) कुसबाडिया २३) भुजेल २४) कुमाल २५) राजवंशी २६) गन्गाई २७) धिमाल २८) भोटे २९) दराई ३०) ताजपुरिया ३१) पहरी ३२) तोप्केगोला ३३) डोल्पो ३४) मुगाल ३५) लार्के ३६) ल्होपा ३७) दुरा ३८) वालुङ
२. परिशिष्ट–ग : जनजाति भन्नाले हिन्दु वर्ण व्यवस्थाको संरचनाभित्र नपर्ने, समानतामा आधारित परम्परागत सामाजिक संरचना भएका जाति, आदिवासी र मुलवासीहरूलाई जनाउदँछ । 'आदिवासी भन्नाले नेपालको कुनै एक खास भू–भागमा आवदि गर्ने वा आफुलाई पहिले वा पहिलो मध्येको वा मूल बासिन्दाको रूपमा स्थापित गर्ने वा आदि अनादिकालदेखि बसोबास गर्दै आएका भिन्न उत्पत्ति, जाति, भाषा, संस्कृति भएको, राज्य र शासनसत्तामा निर्णायक भूमिका खेल्नबाट बञ्चित तथा आफ्नो पुर्ख्यौली भूमिलाई भौतिक अभौतिक विकासको स्रोत मान्ने तर वर्तमान राज्यको निर्माण हुँदा उत्पीडित तथा विस्थापित गरिएको जो आफ्नो पहिचान र सांस्कृतिक सम्पदालाई आफ्ना भावी पुस्ताहरूमा सुरक्षित रूपमा हस्तान्तरण गर्न चाहने तथा आफूलाई आदिवासी भएको दावी गर्ने समुदायलाई जनाउँछ ।

## अनुसूची-१

संस्थाको छाप र चिन्हको विरण

संस्थाको छाप र चिन्ह देहाय बमोजिमको ढाँचामा हुनेछ ।

पृष्ठभूमिमा खाम समावेश भएको समाचारपत्र बीच भागमा रहनेछ । समाचारपत्रको पछाडिपट्टि दाहिने हातले लेख्दा देखिने गरी कलम हुनेछ । यी चिन्हहरूलाई अन्तर्राष्ट्रिय आदिवासीहरूको चिन्हले घेरेको हुनेछ । आदिवासी चिन्ह वृतभित्र शरीरको भागमा महासङ्घको संक्षिप्त नाम (FoNIJ) हुनेछ । तल्लो भागमा ई.स.मा स्थापना वर्ष २०१५ अंकित हुनेछ । दुई वृतको बीचमा माथि अंग्रेजीमा संस्थाको नाम Federation of Nepalese Indigenous Nationalities journalists र तल नेपालीमा 'नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ' लेखिएको हुनेछ ।

## सपथ ग्रहण

म............................................................................................................................, नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ (एफनिज)का सम्पूर्ण सदस्य, आफ्नो कुलदेवता र प्रकृतिलाई साँक्षी राखी यो सपथ ग्रहण गर्दछु की, नेपाल आदिवासी जनजाति पत्रकार महासङ्घ (फोनिज)को विधान र नेपालको अन्य प्रचलित कानुन बमोजिम महासङ्घको .................................................................... पदमा रहँदा विधानले निर्देशित गरेको काम, कर्तव्य र अधिकारको अधिनमा रही आफ्नो जिम्मेवारी पूर्णईमान्दारी र निष्ठापूर्वक पालना गर्नेछु । साथै संस्थाको पदमा रहँदा वा नरहँदा समेत संस्थालाई अहित र कूभलो हुने कुनै पनि प्रकारको कृयाकलाप गर्ने छैन भनि प्रण गर्दछु ।

नाम :

पद :

हस्ताक्षर :